# मधेश आन्दोलनमा रौतहट जिल्लामा भएका घटनाको स्थलगत अध्ययन प्रतिवेदन २०६३

प्रतिवेदन सार्वजनिक भएको मितिः ०६३/१२/

मानव अधिकार सन्धी अनुगमन सम्वनय समिति
काठमाण्डौ

## घटना अध्ययन टोलीको नामावली

१. नारायण अधिकारी ईनहुरेड ईण्टरनेशनल काठमाण्डौं
२. प्रेम कार्की इन्सेक प्रतिनिधि पर्सा
३. विपिन गौतम इन्सेक प्रतिनिधि रौतहट
४ रोशन राज अर्याल इन्सेक प्रतिनिधि बारा

**घटना भएको मितिः ०६३ माघ २ गते देखि फागुन १५ गते सम्म**
**अध्ययन गरिएको स्थानः रौतहट**
**अध्ययन गरिएको मितिः ०६३ फागुन २३ देखि २९ गते**

# रौतहट मधेस आन्दोलन ०६३ ।

**परिचयः-**

नेपालको मध्ये तराईमा पर्ने रौतहट जिल्ला क्षेत्रफलको हिसावले सानो भएपनि जनसंख्याको दृष्टिकोणले ठुलो जिल्ला हो । यस जिल्लाको कूल क्षेत्रफल ११२६ वर्ग कि.मि. रहेको छ । पूर्वमा सर्लाही जिल्ला,पशिचममा वारा जिल्ला,उत्तरमा मकवानपुर जिल्ला र दक्षिणमा भारतको विहार प्रान्त संग जोडिएको यस जिल्लाको कुल जनसंख्या ५,४५,१३२ रहेको छ । ९६ गाविस र १ नगरपालीका रहेकको यस जिल्लामा ८९% मधेसी समुदाय र ११ % पहाडे समुदायका मानिसहरुको वसोवास रहेको छ । मधेसी समुदायमा ६% चौधरी(थारु) समुदायका मानिसहरु रहेका छन । यो समुदायले आफुलाई मधेसी नभनी तराइवासी आदिवासीका रुपमा स्थापित गराउन चाहन्छन । यस जिल्लाको साक्षरता प्रतिशत ३३.४ % रहेकोछ ।

**शारांसः-**

मधेसी जनअधिकार फोरमले संघिय राज्य प्रणाली, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग राख्दै शुरु गरेको आन्दोलनको प्रभाव बाट रौतहट जिल्ला पनि अलग रहन सकेन । फोरमले ०६३ माघ २ गते देखि आन्दोलन शुरु गरेपनि रौतहट जिल्लामा शुरुका दिनहरुमा आन्दोलनले गतिलिन सकेको थिएन । स साना जुलुशहरु निस्कने, सडकमा टायर वालेर प्रर्दशन गर्ने कार्य निरन्तर रहेको थियो । माघ १२ गते देखी आन्दोलनले हिंसात्मक रुप लिन थाल्यो । आन्दोलनको क्रममा यस जिल्लामा घटेका प्रमुख घट्नाहरु यस प्रकार रहेका छन । आन्दोलनको क्रममा यस जिल्लामा मानविय क्षती भएन भने सरकारी तथा गैर सरकारी कार्यालयहरु, पार्टी कार्यालयहरु, व्यक्तिका घरहरुमा तोडफोड र आगजनी भएका छन । आन्दोलनकारीहरुले साम्प्रदायिक हिसावले पहाडिया समुदायको घरमा लुटपाट र आगजनी गर्ने कार्य गरेको देखियो । यस जिल्लामा आन्दोलनको क्रममा माओवादीद्धारा १७ जना माथि कुटपिट गरिएको,प्रहरीको लाठी प्रहारबाट.....जना आन्दोलनकारी र आन्दोलनकारी को ढुङ्गामुढा र लाठी प्रहारबाट....जना प्रहरीहरु घाइते भएको देखियो । आन्दोलनको क्रममा जिल्लाभरिको सरकारी तथा गैरसरकारी कार्यालय, व्यक्तिको घर तथा चिरानमिलहरुमा आगजनी तथा लुटपाट गर्दा करिव ६ करोड ६७ लाख ३२ हजार वरावरको क्षती भएको प्रारम्भीक अनुमान गरीएको छ । अध्ययनको क्रममा भेटिएका प्रत्यक्षदर्शि, पिडित तथा सम्वन्धीत सरोकारवालाहरुको भनाईको आधारमा पनि यस जिल्लामा प्रहरीले मानवअधिकारको उल्लघंन हुने गरी ठुलो दमन गरेको भेटिएन ।

## आन्दोलनको घट्नाक्रम

मधेसी जनअधिकार फोरम र नेपाल सदभावना पार्टिले ०६३ माघ १२ गते गौरमा जुलुस प्रर्दशन गर्ने क्रममा विभिन्न सरकारी कार्यालयहरु, पार्टिका कार्यालयहरु तोडफोड गर्नुका साथै माओवादी नेता तथा कार्यकर्ताहरुलाइ कुटपिट समेत गरे ।

आन्दोलनकारी जमातले विहान ९ वजेको समयमा गौर न.पा.-८ मा रहेको विपिको शालिक तोडफोड गर्नुका साथै रौतहट जिल्ला अदालतको परिसरभित्र रहेको दुइवटा गाडिमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएका थिए । सो समुहले जिल्ला प्रसाशन कार्यालय रौतहट,जिल्ला विकास समिति रौतहट, जिल्ला निर्वाचन कार्यालय, र गौर भन्सार कार्यालयमा आगजनी गरी ध्वस्त वनाउनुका साथै जिल्ला हुलाक कार्यालय, जिल्ला सिंचाई कार्यालयमा तालावन्दी गरे । आन्दोलनकारीहरुले विभिन्न सरकारी कार्यालयहरुमा नेपाल सरकार लेखिएको वोर्डमा मधेसी सरकार लेखेका थिए । आन्दोनलनकारीहरुले नेकपा एमालेका महासचिव माधव कुमार नेपालको गौर नपा-३ मा रहेको घर, गौर नपा-८ मा रहेको नेकपा एमालेको पार्टी कार्यालयमा आगजनी गर्नुका साथै

माओवादी निकट मधेसी मुक्ति मोर्चाको कार्यालयमा तोडफोड गरी फर्निचर र कागजपत्र जलाउनुका साथै माओवादी नेता विन्देश्वर राय यादव, लिला साह लगायतका कार्यकर्ताहरुलाई कुटपिट गरेका थिए । त्यसैगरी आन्दोलनकारीले माइती नेपालको कार्यालयमा तोडफोड, लुटपाट र आगजनी समेत गरे । विहान विपिको शालीक तोडफोड गरीएपछि फोरमका कार्यकर्ता संग नेपाल ट्रेड युनियन कांग्रेस का जिल्ला अध्यक्ष विन्दा सहनीको भनाभन भएको आरोपमा सो दिन दिउँसो सहनीको घर तोडफोड र लुटपाट गरेका थिए । मधेसी जनअधिकार फोरमले सोहि दिन एक विज्ञप्ती प्रकासित गरी विपिको शालिक र अन्य तोडफोडका घट्नामा फोरमका कार्यकर्ताको संलग्नता नरहेको जनायो ।

मधेसी जनअधीकार फोरमले आह्वान गरेको आन्दोलनको क्रममा माघ १४ गते रौतहटको सदरमुकाम गौरको स्थिती तनाबग्रस्त भए पछि स्थानीय प्रशासनले दिउसो दुई बजे देखी राती नौ बजे सम्मको लागि कर्फ्यु आदेश जारी गऱ्यो । प्रर्दशनकारीले कर्फ्युको अबज्ञा गर्दै दिउँसो गौर नगरपालीका स्थित कृषि विकास वैंकमा आगजनी गर्नुका साथै सिलिण्डर राखेर आगो लगाइ कार्यालयका कागजपत्र र भवन जलाएर ध्वस्त वनाए । जिल्ला अदालत, खानेपानी तथा सरसफाई कार्यालयमा ढुङ्गामुढा गरी तोडफोड गरे ।

प्रर्दशनकारीले कृषी बिकास बैकंमा आगजनी गर्दा फर्निचर,कागजपत्र सहित ना.१.प ९६१, ११७४ र एक नम्बर खुल्न नसकेको मोटरसाइकल गरी तीन वटा मोटरसाइकल जलाइदिए । सोहि समयमा आन्दोलनकारीले गौर भन्सार कार्यालयमा आगजनी गरे । कर्फ्यूकै समयमा प्रर्दशनकारीले शसस्त्र प्रहरी वसेको जिल्ला विकास समितीको कार्यालयमा आक्रमण गर्दा दुवै पक्ष विच झडप समेत भयो । झडपका क्रममा लाठी चार्ज र दर्जनौ हवाई फायर गर्दा समेत प्रर्दशनकारी नभागेपछि प्रहरीको लाठि प्रहारबाट दुई दर्जन प्रर्दशनकारी र एक दर्जन प्रहरी समेत घाइते भएका थिए । घाइते हुने प्रर्दशनकारीहरुमा निराजन जयसवाल, इस्माल महमद अन्सारी, संजिव कुमार जयसवाल, प्रभु यादव, रामनाथ साह र देबेन्द्र यादव, जयराम रहेका छन । प्रहरी तर्फ प्र.नि. मो. साहवुद्धिन अन्सारी, प्र.स.नि. अर्जुन देवकोटा, प्र.ह. छविराम नेपाल, जुलुस राय यादव, जुगा राय यादव, गणेश वुर्जा, केशव तिमलसिना, प्र.ज. रेल वहादुर घलान, दिपक थापा, रमेश कुसवाहा, शिव संकर सिंह, युगेश्वर दास, मोहन सिंह, अजय पटेल, सेख मसरुल, मनु आले, राम कुमार सार्की कमल खडका, र यम वहादुर लुंगेली समेत गरी १९ जना घाइते भएका थिए । घाइतेहरुलाई स्थानिय गौर अस्पताल र निजि क्लिनीकहरुमा उपचार गराएका थिए ।



(फोरमका कार्यकर्ताहरुले आगजनी र तोडफोड गरेका गौरका सरकारी कार्यालयहरु
जिल्ला विकास समिती, नेपाल विद्युत प्राधिकरण,जिल्ला निर्वाचन र जिल्ला प्रशासनको कार्यालय)

त्यसैगरी फोरमले आयोजना गरेको आन्दोलनको क्रममा रौतहटका कान्तीपुर समाचारदाता शिव पुरीलाई राजाको शासनकालमा प्रत्यक्ष सहयोगि रहेका गौर नपा-९ का रामकृष्ण गुप्ताले ०६३ माघ १४ गते साँझ मोवाइल नं ९८४५०३५११८ बाट फोन गरी कान्तीपुरमा आन्दोलनको समाचार प्रशारण नगरेको भन्दै ज्यान मार्ने धम्की दिए । धम्की दिने गुप्ता राजाको शासनकालमा गौर नगरपालीकाको निर्वाचित मेयर अजय गुप्ताका काका हुन ।

आन्दोलनको क्रममा हिंसा भडकिँदै गएपछि स्थानिय प्रसाशनले ०६३ माघ १५ गते विहान ९ वजेदेखी वेलुका ७ वजे सम्मको लागी कर्फ्यू आदेश जारी गऱ्यो । आगजनी र तोडफोडका

घट्नामा वृद्धि हुंदै गएपछि स्थानिय प्रसाशनले कर्फयू आदेश जारी गरेतापनि सो दिन कर्फयू तोडदै गौरमा प्रर्दशन शान्तीपूर्ण भईरह्यो ।

मधेसी जनअधिकार फोरमले ०६३ माघ १६ गते चन्द्रनिगाहपुरमा मोटरसाइकल ऱ्यालीको आयोजना गरे । गरुडा वजारदेखि आएको जुलुशका सहभागीहरुले महेन्द्र राजमार्गमा काठमाण्डौबाट सिन्धुली तर्फ गइरहेको सिद्धवावा ट्राभल्स र जलेश्वर तर्फ गइरहेको एक मिनिवस माथि ढुङ्गामुढा गर्न थालेपछि राजमार्गमा जम्मा भएर वसेका पहाडिया समुदायका युवा, वसका यात्रीहरुले आन्दोलनकारी फोरमका कार्यकर्ताहरुलाई आक्रमण गरी दुइवटा मोटरसाइकलमा आगजनी गर्नुका साथै जुलुशमा सहभागी भएका हरुलाई कुटपिट गरे । कुटपिटबाट प्रर्दशनमा आएका हृदयनारायण साह घाइते भए । स्थितीलाई नियन्त्रणमा लिन स्थानिय प्रशासनले चन्द्रनिगाहपुर, सन्तपुर र डुमरिया गाविसको सम्पूर्ण भागमा दियंस ४ वजे देखि राती ७ वजे सम्मको लागी कफर्यू आदेश जारी गर्नु पऱ्यो । आन्दोलनमा आएका फोरमका कार्यकर्ताहरुले कुटाई खाएपछि फर्केर जांदा गौर चन्द्रनिगाहपुर राजमार्गको डुमरिया गाविस वडा नं २ वस्तीपुर टोलमा पहाडि समुदायका वेणि प्रसाद पोखरेल र नारायण पोखरेलको घरमा आगजनी गरी घरका सम्पूर्ण सामान जलाएर करिव १० लाख वरावरको क्षती पुऱ्याए ।

रौतहटमा वढदै गएको अशान्ती र हिंसालाई रोक्न आठ राजनैतिक दलले जिल्ला सदरमुकाम गौरमा सदभाव ऱ्याली निकालेको समयमा राजावादीहरुको आन्दोलनमा घुसपैठ भएको भन्दै नेकपा माओवादीका कार्यकर्ताहरुले गौर नगरपालीकाका पूर्व मेयर अजय गुप्ता सहित १७ जनालाई कुटपिट गरे । कुटपिटवाट पुर्व नगर प्रमुख अजय गुप्ता, नगर प्रमुखका उम्मेदवार वावुलाल साह, हेमचन्द्र झा, राम प्रसाद कुसवाहा, प्रभु वैठा, रामअशिस सहनी, राजेन्द्र तिवारी, वैजु महतो, अलि अख्तर मन्सुरी, विकास यादव, श्याम सिंह, राजु झा, उधोव प्रसाद यादव, कृषनन्दन राय यादव, राम प्रवेश महतो, नसिव कल्या, शंकर प्रसाद गुप्ता, संजय मुखिया, जयराम केसरी, राम दयाल राय यादव लाई कुटपिट गरी घाइते वनाए । घाइते मध्ये अजय कुमार गुप्ताको हात भाँचिएको, राजु झाको देव्रेहातको दुइवटा औंला भाँचिएको छ ।

माघ १६ गते चन्द्रनिगाहपुरमा भएको कुटपिट को घट्नापछि मधेसी जनअधिकार फोरमले चन्द्रनिगाहपुरमा आक्रमण गर्न गाँउ गाँउमा प्रचार प्रसार गरी हजारौंको संख्यामा आफना कार्यकर्ताहरुलाई उतारेपछि चन्द्रनिगाहपुरमा पहाडे समुदायका युवाहरु प्रतिकारको लागी संगठित भएर वस्न थाले । फोरमको जुलुसले सखुअवा धमौरा गाविस र डुमरिया गाविसमा रहेको दुइवटा चिरान मिलमा आगजनी गर्नुका साथै डुमरिया मटिऔन गाविस वडा नं २ मा रहेको पहाडे समुदायको ३ वटा घरमा आगजनी गर्नुका साथै १६ वटा घर पूर्ण रुपमा लुटपाट गरे । आन्दोलनकारीले डुमरिया चोकमा सुरक्षार्थ वसको जनपथ प्रहरीलाई कुटपिट गर्नुका साथै दुइ वटा राइफा समेत लुटेर लगे । लुटिएर लगेको राइफल मध्ये एक थान फेला परेको र एक थान हाल सम्मपनि फेला परेको छैन । सो जुलुश चन्द्रनिगाहपुर गाविस नजिक आइपुगेपछि संगठित भएर वसेका पहाडे समुदायका युवाहरु र शसस्त्र प्रहरीले प्रतिकार गरी भगायो । प्रतिकार गर्ने क्रममा शसस्त्र प्रहरीको लाठि प्रहार बाट फोरमका जिल्ला अध्यक्ष अमर राय यादव घाइते भएका थिए । घाइते यादवलाई स्थानिय वासिन्दाले पक्राउ गरी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा वुझाए । सो दिन भएको लुटपाट र आगजनीको विवरण अनुसुचीमा राखिएको छ ।

## घटना सम्वन्धमा सम्वन्धित सरोकारवालाहरुको भनाई



(मधेसी जनअधिकार युवा फोरम का अध्यक्ष नन्दकिसोर साहसंग अध्ययन टोलीका सदस्यहरु)

**नन्दकिसोर साह ( अध्यक्ष मधेसी युवा फोरम ) :-** सरकारले मधेसी जनअधिकार फोरमले अघि सारेको मागलाई वेवास्ता गर्दै दमनमा उत्रिएको छ । सरकारले आन्दोलन दवाउन प्रहरी परिचालन गरी आन्दोलनकारी माथि गोली प्रहार गरेको छ । यस आन्दोलनमा ३८ जना भन्दा वढी शहिद भएका छन तर सरकारले अझै शहिद घोषणा गरेको छैन । माओवादीले यस आन्दोलनलाई

दवाउने कोशिस गरीरहेको छ । अव यो आन्दोलन माओवादी र फोरम विचको लडाँईमा परिणत भएको छ । सरकारले हाम्रो माग पुरा गरेन भने अझ शसक्त आन्दोलन गर्ने छौं । रौतहटको गौरमा भएको तोडफोड र आगजनीमा फोरमको कुनै संलग्नता छैन । यसमा सरकार र माओवादीको घुसपैठ भएको छ । अहिलेपनि माओवादीले फोरमका कार्यकर्ताहरुलाई कुटपिट गरिरहेका छन ।

**अजय गुप्ता ( पूर्व नगर प्रमुख, घाइते )** :- हामीलाई राजावादी भनेर माओवादीले कुटपिट गरे । हामी राजावादी हाइनौ.। मधेसको आन्दोलन दवाउन हामी माथि कुटपिट गरीएको हो । कुटपिटबाट घाइते भएकाहरुलाई राज्य तथा कुनैपनि संघ संस्थाले सहयोग गरेको छैन । म आफैंले पटनामा गएर उपचार गरें । माओवादीले कुटपिट गरेका गौर न.पा.-९ का ६५ वर्षिय रामदयाल राय यादव को उपचारको क्रममा फागुन २० गते मृत्यू समेत भएको छ । उनलाई आन्दोलनको शहिद घोषणा गरिनुपर्छ ।

**अमर साह ( नगर इन्चार्ज, नेकपा माओवादी )** :- मधेस आन्दोलनको नाममा पार्टी कार्यालयहरु तोडफोड र आगजनी गर्ने, सरकारी कार्यालयहरुमा लुटपाट र आगजनी गर्ने क्रम वढेपछि आठ राजनैतिक दलले संयुक्त रुपमा जुलुश निकाल्ने क्रममा त्यो जुलुशमा राजावादीहरु घुसपैठ गरी ढुङ्गामुढा गर्न थाले । हाम्रा कार्यकर्ताहरु लिला साह, प्रमोद, अनिल लगायतलाई कुटपिट गरी घाइते वनाए । रक्सी खाएर १०० जना भन्दा वढी व्यक्तीहरु हामी वसेको डेरामा आएर गाली गलौज गर्नथालेपछि हामीले प्रतिकार गरेका हौं । प्रतिकार गर्दा केहि राजावादीहरुले कुटाई खाएका हुन । हामीले राजावादीलाई प्रतिकार नगरेको भए जिल्लामा अरु विध्वंस हुने थियो ।


(माओवादी संग कुराकानी गर्दै अध्ययन टोलीका सदस्यहरु )

**माधव प्रसाद ओझा ( प्रमुख जिल्ला अधिकारी रौतहट )**:- माघ २ गते देखि शुरु भएको मधेस आन्दोलन शुरुमा शान्तीपूर्ण रुपमा सन्चालन भएको थियो । माघ १२ गते एक्कासी आन्दोलनले हिंसात्मक रुप लिएपछि हामीले स्थिती नियन्त्रण गर्ने सकेसम्म कोशिस गर्‍यौ.। कार्यालयहरुमा आगजनी गर्ने क्रम तिव्र भएपनि मानवअधिकारको सम्मान गर्दै प्रशासनको तर्फवाट वल प्रयोग गरिएन । शसस्त्र प्रहरी माथिनै वम र गोलि प्रहार हुन थालेपछि अश्रुग्याँस र लाठी प्रहार गरी भिड तितरवितर पारिएको मात्र हो । त्यसमा थुप्रै प्रहरी  घाइते भएका छन ।

**कुवेर कडायत ( प्रहरी नायव उपरिक्षक, जि.प्र.का रौतहट )** :- मधेसी फोरमले सन्चालन गरेको आन्दोलन शुरुमा शान्तीपूर्ण थियो । आन्दोलनले हिंसात्मक रुप लिन्छ जस्तो लागेको थिएन । फोरमले पनि शान्तीपूर्ण आन्दोलन हुन्छ भन्ने विश्वास दिलाएको थियो । माघ १२ गते एक्कासी आन्दोलनले हिंसात्मक रुप लियो । जिल्लाभरी प्रहरी चौकीहरु पुर्नस्थापना भएकाले हामी संग प्रहरी फोर्स पनि कम थियो, एकातिर हिंसा भडकिएपछि प्रहरी त्यहां पुग्दा अर्को ठाँउमा आगलागि भइसकेको हुन्थ्यो । हामीले सकेसम्म क्षति कम होस भन्ने प्रयास गर्‍यौं । आन्दोलनकारीले प्रहरीलाई लक्षित गरी सुतली वम र गोली फायरिंग गरेपनि हामीले संयम अपनाएका कारण कुनैपनि मानविय क्षति हुन पाएन त्यहिनै ठुलो उपलव्धी हो । नेपाल प्रहरीको वन्दुक आन्दोलनकारीले लुटेर लैंजादा पनि प्रहरीले कहिंपनि वल प्रयोग गरी मानव अधिकारको उल्लघंन गरेको छैन ।

**राजु झा ( घाइते , गौर न.पा.-५ )** :- म गंगरा पिपरा गाविसको प्राविधिक सहायक हुं । म माघ १७ गते आफनै घरमा वसिरहे को थिंए, माओवादीले केहि मानिसहरुलाई कुटपिट गर्दै थिए उनिहरु एक्कासी मेरो घर भित्र प्रवेश गरी मलाई समेत कुटपिट गर्न थाले, कुटपिटवाट मेरो देव्रे हातको दुइवटा औंला भाँचिएको छ,


(माओवादीद्धारा कुटपिट गरी घाइते वनाएका राजु झा)

मेरो सुनको सिक्री समेत माओवादीले लुटेर लगे । उपचारमा कसैले सहयोग गरेको छैन ।

**जयराम केसरी ( घाइते, गौर न.पा.-९ )** :- म गौर न.पा. मा पियन पदमा काम गर्छु । माघ १३ गते म कार्यालयको कामले नगरपालीकाको गेटमा वसिरहेको थिंए, एक्कासी शसस्त्र प्रहरीले मलाई कुटपिट गर्न थाल्यो । कुटपिटबाट मेरो हातमा सातवटा टाँका लगाउनु पर्‍यो । उपचारमा कसैले पनि सहयोग गरेको छैन ।

**हेमचन्द्र झा ( घाइते ,ओ.सि. वाग्मती सिंचाई आयोजना,हाल गौर न.पा.-५ )**:- माघ १७ गते आठ दलको सदभाव जुलुश निस्किएको थियो । म आफनो घर अगाडि उभिएको समयमा माओवादीले मलाई एक्कासी कुटपिट गरे । म सरकारी कर्मचारी भएकाले कुनैपनि आन्दोलनमा सहभागी थिइन। मेरो दाँया हात भाचिदिएका र टाउकोमा १० वटा टाँका लगाएको छु । उपचारमा कसैले सहयोग गरेको छैन ।


(माओवादीद्धारा कुटपिट गरी घाइते वनाएका ओभरसियर हेमचन्द्र झा)

**वेणि प्रसाद पोखरेल (लुटपाटको घट्नावाट पीडित, डुमरिया-२ )**:- हामि घरमा वसिरहेको अवस्थामा माघ १६ गते साँझ अन्दाजि ५ वजेको समयमा २ वटा मोटरसाइकलमा चन्द्रनिगाहपुर तर्फवाट आएका व्यक्तिले घरभित्र प्रवेश गरी आगो लगाएर हिंडे । आगलागीबाट २ वटा घरका सम्पूर्ण सामानहरु जलेर करिव १० लाख वरावरको क्षती भएको छ । मेरो ५ जनाको परिवार छ, स्थानिय संघ संस्था र व्यक्तिहरुले सहयोग गरेर खाइरहेका छौं । सरकारले कुनै सहयोग गरेको छैन ।


( फोरमका कार्यकर्ताहरुले आगजनी गरी ध्वस्त वनाएको डुमरिया गाविस-२ को वेणी प्रसाद पोखरेलको घर )

**मित्र प्रसाद पोखरेल ( लुटपाटको घट्नावाट पीडित, डुमरिया-२)**:- मधेसी जनअधिकार फोरमले माघ १७ गते चन्द्रनिगाहपुरमा जुलुश लिएर आउने क्रममा हाम्रो टोलमा आइपुगेपछि फोरमका कार्यकर्ताहरु पहाडे समुदायको घरमा प्रवेश गरी लुटपाट गर्न थाले । उनिहरुले हाम्रो टोलको २ वटा घरमा अघिल्लो दिन आगजनी गरेकाले हामी डरले खेत तर्फ भाग्यौं, उनिहरुले १७ घरका सम्पूर्ण सामानहरु लुटपाट गरेपछि तिनवटा घरमा आगजनी गरेर ध्वस्त वनाए । हाम्रो घरका खसि, भैसी समेत लुटेर लगे । हामी आफनो ठाउँवाट विस्थापित भएर ५ दिन सम्म चन्द्रनिगाहपुरमा वस्यौं । मेरो घरमा मात्र ११ जनाको परिवार छ , हामीलाई स्थानिय मानवअधिकार संघ संस्था र व्यक्तिहरुले सहयोग गरी खाना खुवाएका थिए अहिले त्यो पनि रोकिएको छ । हामीलाई सरकारले अहिले सम्म कुनै सहयोग गरेको छैन । आगजनी र लुटपाटबाट १९ परिवारको करिव १ करोड वरावरको क्षती भएकोछ ।


(फोरमका कार्यकर्ताहरुले तोडफोड र लुटपाट गरेपछि आगजनी गरेको डुमरिया गाविस-२ का इश्वरराज तिमलसिनाको घर भित्रका सामानहरु)

## निचोड तथा सिफारिश

मधेश आन्दोलनमा रौतहट जिल्लामा भएका घटनाको स्थलगत अध्ययनबाट निम्नलिखित निष्कर्ष निकाली निम्न सिफारिस गरीएको छ ।

- मधेसी जनअधिकार फोरमले सन्चालन गरेको आन्दोलन ले माघ १२ गते देखि हिंसात्मक रुप लिन लागेको र फोरमको नेतृत्वले त्यसलाई रोक्न सकेको पाइएन ।
- स्थानिय प्रशासनले आन्लोलनले हिंसात्मक रुप लिन लाग्दा पनि सुरक्षा वल थप नगर्नाले गौरमा सरकारी तथा गैरसरकारी कार्यालय, पार्टी कार्यालय तथा व्यक्तीको घरमा क्षेती पुगेको देखियो ।
- क्षतीबाट कुल ६,६७,३२,०००/- बरावरको क्षती भएको प्रारम्भीक विवरण उपलव्ध भएको छ ।
- फोरमका कार्यकर्ताहरुले प्रहरी माथि सुतली वम र गोली प्रहार गर्दा पनि प्रहरीले गोली प्रहार नगरी लाठी मात्र चार्ज गर्दा घाइतेहरु सामान्य अवस्थाका रहेका र उनिहरुको स्थानिय अस्पताल र क्लिनीकमा उपचार पछि घर फर्केकाले अत्यधिक वल प्रयोग गरीएको भन्न सकिने अवस्था रहेन ।
- माओवादीले राजावादीको घुसपैठ भएको भन्दै सर्वसाधारण, कर्मचारी र नगर चुनावका समयका मेयर र उम्मेदवार तथा उनिहरुका सहयोगीहरुलाई निर्ममतापूर्वक कुटपिट गरी मानव अधिकारको उल्लघंन गरेको पाइयो ।

## सिफारिस

- आन्दोलनको क्रममा घाइते भएका आन्दोलनकारी तथा प्रहरीहरुको उपचारको व्यवस्था राज्यले गर्नु पर्दछ ।
- आन्दोलनको क्रममा आगजनी तथा तोडफोड भएका सरकारी कार्यालयहरुको तत्काल पुर्ननिर्माण गरिनु पर्दछ ।
- आन्दोलनको क्रममा आन्दोलनकारीले लुटपाट र आगजनी गरेका पार्टी कार्यालय, व्यक्तिको सम्पती तथा घर हरुको मुल्याङ्कन गरी तत्काल क्षतीपुर्ति उपलव्ध गराइनु पर्दछ ।
- आन्दोलनको क्रममा भएका घट्नाहरुको उच्चस्तरीय न्यायीक छानविन आयोग गठन गरीनु पर्दछ ।

## अनुसुचि-१

मधेसी जनअधिकार फोरमले आयोजना गरेको जुलुश प्रर्दशनको क्रममा रौतहट जिल्ला डुमरिया मटिऔन गाविस वडा नं २ वस्तीपुरमा ०६३ माघ १६ र १७ गते पहाडिया समुदायको घरमा आगजनी र लुटपाट गरेको घट्नाको क्षति विवरण

### आगलागीबाट नष्ट भएका घरहरु

| सि.नं | घरमूलीको नाम | परिवार संख्या | उमेर | लिङ्ग | क्षती भएको सम्पतीको विवरण | | | जम्मा क्षति भएको रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगद | सुनचाँदी,लत्ता कपडा,भाँडावर्तन फर्निचर समेत | घर,अन्पात,पराल लगायतका समानहरु | | |
| १. | वेणी प्रसाद पोखरेल | ४ | ४५ | पु. | २१,०००/- | ५६,०००/- | १,४५,८००/- | २,२१,८००/- | जलेको घरको मुल्याङ्गन नभएको |
| २. | नारारण प्रसाद पोखरेल | ५ | ४९ | पु. | ३,००,०००/- | ९०,०००/- | १,१६,७००/- | ५,०६,७००/- | ,, ,, |
| ३. | मित्र प्रसाद पोखरेल | ६ | ७० | पु. | | | | ८,७०,०००/- | ,, ,, |
| ४. | मोहन प्रसाद पोखरेल | ४ | ४० | पु. | – | - | – | ५,८०,०००/- | ,, ,, |
| ५. | इश्वरराज तिमलसिना | ५ | ४१ | पु. | २१,५००/- | १,८०,०००/- | १,५१,०००/- | ३,५२,५००/- | पक्की घर भएकाले सामान मात्र जलाइएको |
| | जम्मा | २४ | | | | | | २५,३१,०००/- | |

०६३ माघ १७ गते मधेसी जनअधिकार फोरमले आयोजना गरेको जुलुशको क्रममा सखुअवा धमौरा गाविस वडा नं ७ मा रहेको शशीकला काष्ठ उद्योग र डुमरिया मटिऔन गाविस वडा नं ४ वालचनपुरमा रहेको थापा काष्ट उद्योगमा आगजनी गरी नष्ट वनाइएका सम्पतीको विवरण ।

१. शशीकला काष्ठ उद्योगमा रहेको चिरान मिल, अफिस घर, काठ लगायत सम्पूर्ण सामानहरु जलाएर र लुटपाट गरी नष्ट वनाइएको रु १,०४,८८,६२६/-
२. थापा काष्ठ उद्योगमा रहेको सम्पूर्ण सामानहरु जलाएर नष्ट पारिएको कूल सम्पती रु ५३,७४,०३५।८०

## ०६३ माघ १७ गते लुटपाट गरिएका घर परिवार र क्षतीको विवरण

| सि.नं | घरमूलीको नाम | परिवार संख्या | उमेर | लिङ्ग | लुटपाट भएको सम्पतीको विवरण | जम्मा क्षति भएको रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगद | सुनचाँदी,लत्ता कपडा आदी | अन्नपात,फर्नचर,टिभि लगायतका समानहरु | | |
| १. | सुवाघर वाग्ले | ५ | ६९ | पु. | ५०,०००/- | ७२,०००/- | २५,६००/- | १,४७,६००/- | |
| २. | युवराज तिमलसिना | ५ | ३८ | पु. | ५०,०००/- | १,०८,०००/- | ९०,०००/- | २,४८,०००/- | |
| ३. | केदार लम्साल | ४ | ७० | पु. | ३३,०००/- | ५४,०००/- | ३९,०००/- | १,२६,०००/- | |
| ४. | धर्म कुमारी वाग्ले | ९ | ६५ | म. | १६,०००/- | ६३,०००/- | १९,०००/- | ९८,०००/- | |
| ५. | दधिराम पोखरेल | ३ | ५१ | पु. | ४०,०००/- | ५४,०००/- | ४२,०००/- | १,३६,०००/- | |
| ६. | नैनदत्त पोखरेल | ९ | ६५ | पु. | ३०,१००/- | ९०,०००/- | ६०,०००/- | १,८०,१००/- | |
| ७. | वुद्धिमान गुरुङ्ग | ५ | ४८ | पु. | ११,०००/- | ५४,०००/- | २८,०००/- | ९३,०००/- | |
| ८. | ध्रुव पोखरेल | ५ | ४५ | पु. | २४,५००/- | ९०,०००/- | ६२,५००/- | १,७७,०००/- | |
| ९. | श्यामलाल पोखरेल | १० | ७४ | पु. | १,३५,०००/- | १,८०,०००/- | ७५,०००/- | ३,९०,०००/- | |
| १०. | राममणी पोखरेल | ४ | ४० | पु. | १५,३००/- | ७२,०००/- | ४८,०००/- | १,३५,३००/- | |
| ११. | खिमलाल पौडेल | ४ | ७० | पु. | १०,०००/- | ३२,०००/- | – | ४२,०००/- | |
| १२. | रामवहादुर क्षत्री | ११ | ६९ | पु. | ४५,०००/- | ९२,०००/- | ९६,५००/- | २,३३,५००/- | |
| १३. | रविन्द्र वाग्ले | ५ | ३४ | पु. | ३०,५३०/- | ९०,०००/- | ५५,०००/- | १,७५,५३०/- | |
| १४. | गोरीमाया पौडेल | ६ | ६३ | म. | ६०,०००/- | ३६,०००/- | ५४,०००/- | १,५०,०००/- | |
| | **जम्मा** | **९५** | | | ५,५०,४३०/- | १०,८७,०००/- | ६,९४,६०० /- | २३,३२,०३०/- | |